परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

पानीको सही सदुपयोग गरौं । पानी महसुल समयमै तिरी अनावश्यक जरिवानाबाट बचौं ।

नेपाल खानेपानी संस्थान शाखा कार्यालय देवकोटा चौक विराटनगर

❑ वर्ष ९ ❑ अंक ४८ २०७८ आषाढ २७ गते आईतवार **Sunday 11, JULY 2021** ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

## निष्पक्ष अपराध अनुसन्धान र आर्थिक पारदर्शिता




बिराटनगर, आषाढ २१ गते । आर्थिक पारदर्शिता तथा निष्पक्ष अपराध अनुसन्धान कार्यमा बिशेष जोड दिईने प्रदेश प्रहरी प्रमुख प्रहरी नायव महानिरीक्षक अरुण कुमार बि.सी.ले वताएको छ ।

१ नम्बर प्रदेश प्रहरी कार्यालयको सभाहलमा सञ्चार कर्मीहरु संगको भेटघाट कार्यक्रममा उक्त कुरा वताएको हो । आन्तरिक व्यवस्थापन तथा प्रहरी कर्मचारी हरुको मनोवल उच्च राखी प्रहरीको क्षमता बृद्धी गरी आर्थिक पारदर्शिता र कार्य प्रतिको जवाफदेहितामा बिशेष जोड दिईने वहांको भनाई थियो ।

सञ्चारकर्मीहरुले राखेको जिज्ञासाहरुको सम्बोधन गर्नुहुँदै विपद व्यवस्थापन लगायतका कार्यमा विशेष सकृयताका साथ लागी पर्ने, प्रहरी कति पनि बिचलित नभई आम नागरीकहरुको जिउ धनको सुरक्षामा सदैव अग्रपंक्तिमा रही रहने प्रतिबद्धता ब्यक्त गरेका थिए ।

नागरीक मैत्री प्रहरीको अवधारणा अनुसार हरेक क्षेत्रका ब्यक्तित्वहरुसंग समन्वय गरी नागरिकलाई छिटो छरितो एवं पारदर्शी प्रहरी सेवा उपलब्ध गराउने कार्यमा दत्तचित्त भएर लागी पर्ने समेत वाहाँले जानकारी दिनु भयो । शुन्य शहनशिलताको अक्षरस पालना गर्दै बिबिध जनचेतनामूलक कार्यक्रमहरु संचालन गरी अनुसन्धान पद्दतीलाई प्रविधीमैत्री बनाउदै, प्रमाण र परिणाममूखी अनुसन्धान पद्धतीबाट १ नं प्रदेशका जनताहरुलाई प्रत्याभुत हुने गरी सुरक्षा व्यवस्था गर्ने कुरामा बिशेष जोड दिएका थिए ।

सिमावर्ती क्षेत्रबाट हुने अबैध चोरी तस्करी तथा सिमावर्ती क्षेत्रमा हुने बिबिध अपराधीक घटनाहरु नियन्त्रणमा बहुआयामिक तरिकाबाट कार्य गर्दै थप शसक्त रुपमा अगाढी बढ्ने पनी वाहाँले प्रस्ट पारेका थिए ।

## ६ पत्रकार, सञ्चारकर्मी सञ्चार सहकारीबाट सम्मानित हुदै

विराटनगर । सञ्चारकर्मी सञ्चार सहकारी संस्था विराटनगर ले ६ पत्रकारहरुलाई पुरस्कार सहित सम्मानित गर्ने भएको छ ।

सहकारी संस्थाले बिजमाण्डु अनलाइनका सम्वाददाता अनन्तराज न्यौपाने, कारोबार दैनिकका सम्वाददाता मीनकुमार श्रेष्ठ, राससका विराटनगरका प्रमुख मोहम्मद सदरुल, न्युज २४ की सम्वाददाता तारा आचार्य, निगरानी अनलाइनकी राजकुमारी तामाङ र सिम्रिक एफएम पथरीकी एलिना दियालीलाई संस्थाको दशौं स्थापना दिवसको अवसर पारेर सम्मान गर्न लागेको हो ।

न्यौपाने र श्रेष्ठ २०७५ सालदेखि प्रदान गर्न सुरु गरिएको ओमप्रकाश गोयल आर्थिक पत्रकारिता पुरस्कारबाट सम्मानित हुने भएका छन् । समाजसेवी दीनवन्धु गोयलले आफ्ना दाजुको नाममा राखेको सो पुरस्कारको राशि ५० हजारको छ । यो पुरस्कारको लागि समाजसेवी गोयलले ५ लाखको अक्षयकोष खडा गरी सो व्याजबाट प्रत्येक वर्ष आर्थिक क्षेत्रमा कलम चलाउने देशभरीका उत्कृष्ट पत्रकारलाई पुरस्कृत गर्न थालिएको छ ।

कोरोना महामारीका कारण नवौं स्थापना दिवस मनाउन नसकिएकोले २०७७ सालको पुरस्कार पनि यसै वर्ष प्रदान गरिने भएको छ । २०७७ सालको ओमप्रकाश आर्थिक पत्रकारिता पुरस्कारबाट न्यौपानेलाई र २०७८ को श्रेष्ठलाई प्रदान गर्न लागिएको हो । यसभन्दा अगाडि यस पुरस्कारबाट इलामका पत्रकार भीम चापागाईं र काठमाडौंका पत्रकार गजेन्द्र बुढाथोकीलाई प्रदान गरिसकिएको छ ।

त्यसैगरी २०७७ सालको मेम्बर चन्द्रलाल-दुर्गादेवी दाहाल सञ्चार श्रमजीवी पुरस्कार पत्रकार सदरुललाई र २०७८ सालको पत्रकार आचार्यलाई प्रदान गर्ने भएको छ । यसभन्दा अगाडि यस पुरस्कारबाट पत्रकार कुमार लुइटेल, मोहन मानन्धर, उद्धव घिमिरे, अभय राई र देवनारायण साह पुरस्कृत भैसकेका छन् । नेपाल पत्रकार महासंघ मोरङका पूर्व सभापति दीपक दाहाल सहित दाहाल परिवारद्वारा स्थापित मेम्बर चन्द्रलाल-दुर्गादेवी दाहाल सञ्चार श्रमजीवी पुरस्कार मोरङ जिल्लामा कार्यक्षेत्र भएका सञ्चार श्रमजीवी भई उत्कृष्ट कार्य गर्ने एक जनालाई प्रत्येक वर्ष नगद सहित सम्मान गरिने र यस पुरस्कारको राशि २१ हजार रहेको छ ।

२०७७ सालका लागि तामाङ र २०७८ सालका लागि दियाली मीनादेवी श्रेष्ठ महिला पत्रकार प्रोत्साहन पुरस्कारबाट पुरस्कृत हुने भएका छन् । यस पुरस्कारको राशि नगद १० हजार छ। यस अघि यस पुरस्कारबाट सुशीला पाठक, इन्दिरा भट्टराई, बिनु तिम्सिना,

वांकी अन्तिम पेजमा...

## लागुऔषधको फरार प्रतिवादी प्रहरीको फन्दामा

बिराटनगर । सुनसरी जिल्ला अदालतबाट लागुऔषध मुद्धामा दोषी ठहर भई फरार रहेका दुई प्रतिबादीलाई प्रहरीले पक्राउ गरिएको छ ।

पक्राउ पर्नेमा सुनसरी ईटहरी उपमहानगर पालिका वडा नं. २ को २८ बर्षीय बिकाश कार्की र मोरङ कानेपोखरी गाउँपालिका वडा नं. को ३ का ४१ बर्षीय लक्ष्मण सार्की रहेका छन ।

फरार प्रतिबादी खोजतलास अभियान अन्तरगत १ नम्बर प्रदेश प्रहरी कार्यालय (प्रादेशिक अनुसन्धान रिट) समुहबाट खटिएको प्रहरी टोलीले उनीहरुलाई पक्राउ गरेको हो । पक्राउ परेका लक्ष्मणलाई सुनसरी जिल्ला अदालतबाट २०७३ साल भदौ ४ गते ४ बर्ष कैद र ४० हजार रुपैया जरिवाना तोकिएकोमा उनि फरार रहदै आएका थिए ।

त्यसै गरी पक्राउ परेका अर्का बिकाशलाई पनि सम्मानित सुनसरी जिल्ला अदालतबाटै २०७३ साल

वांकी अन्तिम पेजमा...

## ब्लुटुथ कनेक्सन स्कुटर सार्वजनिक

बिराटनगर । न्यू गौरब अटो सेन्टरले नेपालमा पहलो पटक ब्लुटुथ कनेक्टेड स्कुटर सार्वजनिक गरेको छ ।

उक्त स्कुटरलाई बुधबार डेमोक्रेटिक लयर्स एशोसिएशनका अध्यक्ष अधिवक्त रुपेश कोईरालाले अनावरण गरी सार्वजनिक गरेका थिए ।

मार्भल्स अभेन्जर्सबाट प्रेरित टिभीएस एनटर्क १२५ सुपरस्क्वाड आकर्षक रंग इन्भिन्सिबल रेड, स्टिल्थ, र कम्ब्याट ब्लुमा उपलब्ध रहेको सेन्टरको प्रोपराईटर किसन सिंह राजपुतले बताए ।

टिभीएस एनटर्क १२५ सुपरस्क्वाड स्कुटर प्रविधी मैत्री, अन्य स्कुटरमा नभएको ब्लुटुथ टेकनोलोजी, फुल डिजिटल, जिपीआरएस कनेक्ट गर्न मिल्ने, एलइडी लाईट, डिस्कब्रेक, फाइनान्सको सुविधा, समेत रहेको सेन्टरको मेनेजर निशान कटुवालले जानकारी गराएका थिए ।

एनटर्क १२५ सुपरस्क्वाड स्कुटरमा सवभन्दा ठूलो डिक्की भएको, ५ लिटर पेट्रोल ट्याकी १.५ लिटरमा रिर्जभ देखिने स्कुटरको मुल्य २ लाख ६६ हजार रहेको छ ।

अन्य स्कुटरमा नभएको टेक्नोलोजी, आकर्षक, मजबुत,

वांकी अन्तिम पेजमा...







मो.जि.प्र.का.द.नं. २४८/०६९/७०
पू.क्षे.हु.नि.मोरंग द.नं. ०१/०७३/७४

## इन्सेकद्धार...

अभिलेख गर्यो । आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकार अन्तरगर्त ६ महिनाको अवधिमा जिल्लामा रोजगारीबाट निकालिएका ८४ जना र भौतिक संरचना क्षतिका दुई ओटा घटना इन्सेकले अभिलेख गरेको छ । इन्सेक मोरङ प्रतिनिधि । ०७८ असार २२ गते धन्यवाद

मानवअधिकार रक्षक र पत्रकारबिच मिडिया साझेदारी बैठकमा पेश गरेको प्रतिवेदन (पूर्णपाठ)

अनौपचारिक क्षेत्र सेवा केन्द्र( इन्सेक) सन् १९८८ देखि मानवअधिकार तथा सामाजिक न्यायका लागि कार्यरत छ । सात प्रदेश कार्यालय तथा ७७ ओटै जिल्लाका प्रतिनिधिहरू मार्फत् इन्सेकले मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाहरूलाई अभिलेखी करण गर्दै आएको छ ।

इन्सेकप्रदेश १ कार्यालयले प्रदेश १ का १४ ओटै जिल्लामा जिल्ला प्रतिनिधिले अभिलेखी करण गरेका मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटना मध्ये आज हामी मानव अधिकार रक्षकसँग जोडिएका विषयमा छलफल गर्न गई राखेका छौं ।

विश्वव्यापी कोरोना भाइरसको महामारीका कारण मानव अधिकारसँग जोडिएका विविध सवालमा प्रत्यक्ष प्रभाव पऱ्यो । नेपाल सरकारले ०७८ वैशाख ८ गतेदेखि कोभिड-१९ को दोस्रो लहर रोकथाम तथा न्यूनीकरणका लागि जारी गरेको निषेध आदेशका कारण धेरै समस्याहरू सिर्जना हुनपुगे । आज पनि हामी निषेध आदेशमा गुज्रिरहेका छौं । प्रदेश १ मा स्वास्थ्य अधिकार सँग जोडिएका विविध विषयहरूमा सवाल जवाफ भएको हामी सबै जानकार नै छौं । सरकारी तथा निजी स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्य कर्मीहरूले जोखिम भत्ता नपाएको अवस्था प्रदेश १ मा रहेको विषयमा मानव अधिकार रक्षक बिच छलफल आवश्यक देखिन्छ । निजी संघ संस्था तथा निजी विद्यालयमा कार्यरत शिक्षकहरूले पारिश्रमिक दिलाई दिन मागगर्दै ०७७ असार १९ गते सामाजिक विकास मन्त्रालयमा धर्ना दिएको विषयले रोजगारी तथा आर्थिक अधिकार खुम्चिएको अवस्था प्रदेश १ मा रह्यो । सरकारले ०७५ फागुन २८ गते नेत्रविक्रम चन्द ( विप्लव) नेतृत्वको नेपाल कम्युनिष्ट पार्टीलाई प्रतिवन्ध लगाएपछि प्रदेश १ का पहाडी जिल्लामा सो पार्टीका गतिविधिहरू बढे, भने सरकारले ०७७ फागुन २० गते सो पार्टीमाथिको प्रति वन्ध फुकुवा गरेपछि राजनीतिक अधिकारका सवालमा प्रदेश १ सकारात्मक अवस्थामा रहेको छ ।

प्रदेश १ का १४ जिल्लामा ०७७ पुस १७ गते देखि ०७८ असार १५ गतेसम्मको अवधिमा इन्सेक अभिलेखका आधारमा दुईजना पत्रकारले ज्यानको सुरक्षा माग गर्दै प्रशासनमा उजुरी दिनुपऱ्यो । सुनसरीका २८ वर्षीय पत्रकार दीपेन्द्र कुमार यादव र २४ वर्षीय पत्रकार विवेक मेहताले समाचार लेखेको विषयमा धम्की आएपछि सुरक्षाको माग गर्नु पऱ्यो, ताप्लेजुङका ५० वर्षीय शिक्षक खड्ग बहादुर लिम्बूको ०७८ वैशाख ९ गते गोली हानी हत्या गरियो, सुनसरीका ३८ वर्षीय प्रधानाध्यापक रञ्जन मण्डललाई असार १४ गते जनप्रतिनिधिले हातपात गरे, मोरङका ४९ वर्षीय शिक्षक कुमार पोखरेललाई ०७७ पुस २७गते विद्यालय परिसरमा कुटपिट भयो, मोरङमा स्वास्थ्यकर्मी ४० वर्षीय अशोक कुमार राजवंशीमाथि प्रहरीले असार १८ गते कुटपिट गरे । ड्युटीमा खटिएका ३१ वर्षीय प्रहरी राजकुमार माझीमाथि ०७७ माघ २४ गते कुटपिट भयो । मानव अधिकार रक्षक सम्बन्धी घोषणा पत्र १९९८ ले मानव अधिकार कर्मीको रुपमा परिभाषित गरेका पत्रकार, शिक्षक, वकिल, स्वास्थ्यकर्मी र सामाजिक अभियान्ता लगायतको अवस्था प्रदेश १ को रहेको के कस्तो रह्यो भन्ने वास्तविकता प्रस्तुत हुन पुगेको छ । इन्सेकप्रदेश १ कार्यालय, विराटनगर ०७८ असार २२ गते ।

## ६ पत्रकार...

ज्योती चौहान र उमा पोखरेल पुरस्कृत भैसकेका छन् ।

मीनादेवी श्रेष्ठ महिला पत्रकारिता पुरस्कार पूर्वाञ्चलमा बसी कार्य गरिरहेका महिला पत्रकारलाई मात्र प्रदान गरिन्छ । सञ्चारकर्मी सञ्चार सहकारी संस्था विराटनगरका अध्यक्ष मोहन भण्डारीको अध्यक्षतामा २०७८ असार २१ गते सोमबार बसेको बैठकले तीनै पुरस्कारको घोषणा गरेको हो ।

तीनै वटा पुरस्कार संस्थाको दशौं स्थापना दिवसको अवसरमा २०७८ असार २७ आईतवार प्रदान गरिने संस्थाका सचिव महाप्रसाद खतिवडाले जानकारी गराएका थिए ।

## लागुऔषधका...

भदौ २७ गते १ वर्ष कैद र ७ हजार रुपैया जरिवाना तोकिएकोमा उनी पनि फरार रहदै आएका थिए ।

फरार पश्चात पक्राउ परेका दुबै जनालाइ सम्मानित सुनसरी जिल्ला अदालतमा दाखिला गराई कैद तथा जरिवाना असुल उपरको लागि क्षेत्रिय कारागार झुम्का पठाईएको छ ।

## ब्लुटुथ...

नेपाली ग्राहकको लागि नविन र सेगमेन्टकै उत्कृष्ट उत्पादन भएकोले अहिलेको युवा पुस्ताको लागि डिजिटल सिस्टम लोकप्रिय भएकोले सुपरस्वाड स्कुटर नेपाली बजारमा लोकप्रिय हुने अधिवक्ता कोइरालाको भनाई थियो ।




# नेपाल खानेपानी संस्थान
## शाखा कार्यालय विराटनगरको
### ग्राहकबर्गमा जरुरी सुचना

हाल विश्वव्यापीरुपमा फैलिएको कोरोना (कोविड–१९) भाईरसको संक्रमण रोकथाम तथा नियन्त्रणका लागि श्री जिल्ला प्रशासन कार्यालय मोरङबाट मिति २०७८/०१/१९ गते देखी जारी भएको निषेधाज्ञाको अबधीभर यस नेपाल खानेपानी संस्थान बिराटनगर शाखाबाट पानी उत्पादन, बितरण, पाईप र मिटर मर्मत तथा जनगुनासो सुनुवाई जस्ता अत्यावश्यक कार्यहरु नियमित रुपमा सञ्चालन हुने ब्यहोरा अनुरोध गर्दै हालको जटिल परिस्थितिमा मिटर रिडिङ्ग कार्यमा खटिने मिटर रिडर कर्मचारीहरु ग्राहकको घरसम्म गई रिडिङ्ग कार्य गर्न सक्ने अवस्था नरहेको हुँदा ग्राहक महानुभावहरुले आफनो सम्बन्धीत एरियाका तपसिल बमोजिमका मिटर रिडरहरु सँग सम्पर्क गरी ग्राहकको आई.डी., नाम र मिटरमा उठेको अंक टिपाई अनलाईन सिप्टम (E –Sewa, Khalti App, Prabhu pay, Phone pay) आदिबाट समेत महशुल भुक्तानी गर्न सकिने ब्यहोरा अनुरोध गर्दै यसबाट सेवाग्राहीमा पर्नसक्ने असुबिधा प्रति संस्थान क्षमाप्रार्थि छ ।

**तपसील**

| सि.नं. | कर्मचारीहरुको नाम | मोबाईल नम्बर | एरिया नम्बर |
|---|---|---|---|
| १. | सन्दिप अर्याल | ९८४२९२८५७८ | १३ र १७ |
| २. | श्यामचन्द्रलाल कर्ण | ९८४२०६८२७८ | १२ , १५ र १६ |
| ३. | नारायण कुमार खड्का | ९८४२०५४४३८ | ९, १० र ११ |
| ४. | सन्जित राय | ९८४२०९६८६८ | १, २ र १८ (सरकारी ) |
| ५. | सत्यनारायण मण्डल | ९८४२३३२४६९ | ३, ४ र १४ |
| ६. | उत्तम पासवान | ९८१४३६३४८१ | ५, ६, ७ र ८ |
| ७. | होम प्रसाद चम्लागाईं (सुचना अधिकारी ) | ९८५२०८१०१३ | कार्यालय सम्बन्धी गुनासो एव थप जानकारीका लागि सम्पर्क गर्नुहुन । |

## सुनसरी मोरंग सिचाई योजनाको नहर प्रणाली क्षेत्र भित्र अनाधिकृत रुपमा बनाइएका घर टहरा तथा घेरवारहरू हटाउने वारेको
# अत्यन्त जरुरीसूचना

यस सुनसरी मोरंग सिचाई योजना अन्तर्गत मूल नहर शाखा, उपशाखा, प्रशाखा, टर्सरी र भि.सी. नहरको डिल अतिक्रमण गरी अनाधिकृत रुपमा घर, टहरा बनाई बसोवास गरेको, बालीनाली, बोटविरुवा, दलहन तथा परालको माच, टाल आदि लगाएको र नहरको डिल भत्काई पानी संचालन र नहर मर्मत सम्भार एवं सर्भिस रोड समेत अतिक्रमण भई नहर संचालन गर्न कठिनाई भएका साथै नहरको जग्गा संरक्षण र व्यवस्थापनमा समेत कठिनाई परेकोले बनाईएका घर टहरा गोठ एवं अन्य सामग्री र गार्य बस्तु बाध्न पूर्ण रुपमा रोक लगाईएको व्यहोरा सरोकारवाला सबैमा जानकारी गराईन्छ । यो सूचनालार्य अटेर गरि नहरको डिलहरुमा कुनै किसिमको घर, टहरा, बाली-नाली, बोटविरुवा, दलहन तथा परालको माच, टाल नहरको डिलमा रहेको पाइएमा सो कार्यालयले हटाउन परेको खण्डमा सोको हर्जाना समेत सम्बन्धित व्यक्तिहरुबाटै अशुल उपर गरिने र हटाउँदा पर्ने क्षतिको जवाफ देही समेत सरोकारवाला आफैले व्यहोर्नु पर्ने व्यहोरा जानकारी गराईन्छ ।

**सुनसरी मोरंग सिंचाई योजना विराटनगर**




## जलश्रोत तथा सिचाई विकास डिभिजनको सूचना

यस वर्ष विगतमा भन्दा औषतमा धेरै वर्षहुने मौसम विदहरुको अनुमान छ । अधिक वर्षले निम्त्याउन सक्ने बाढी/पहिरो बाट वर्षेनी ठूलो मात्रामा जनधनको क्षेती हुने गरेको छ । तसर्थ : बाढी पहिरो, नदी कटान तथा डुवानका जोखिम युक्त स्थानहरुमा घर तथा संरचनाहरु निर्माण गरी सबोवास गरिरहनु भएको छ भने तपाई जलउत्पन्न प्रकोपको उच्च जोखिम क्षेत्रभित्र हुनुहुन्छ । प्राकृतिक विपदलाई कसैले जित्न सक्दैन त्यसैले समयमै सुरक्षित स्थान छनौट गरि बसोवास गर्ने, नदिको प्राकृतिक बहाब मार्गलाई अवरोध नगरी, नदी कटान तथा पहिरो रोकथाम संरक्षणका लागी बनाइउका संरचनाहरुको संभार संरक्षण, नदिजन्य पदार्थको अवैज्ञानिक उत्खनन् चोरी निकासीलाई आ-आफ्नो क्षेत्रबाट खबरदारी गर्नुहुन लगायत आम संचार माध्यम, बाढीको पुर्वसूचना प्रदान गर्ने टोल फ्री नम्बर ११५५ र चौबिसै घण्टा सम्पर्क हुने टेलिफोन ०१-४११३१९१ र ०१-४४८६८६९ बाट आवश्यक जानकारी प्राप्त गर्नुहुन सम्बन्धित सबैमा हार्दिक अनुरोध गरिन्छ ।

**जलश्रोत तथा सिचाई विकास डिभिजन मोरंग, प्रदेश नं. १**

परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक:श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-११ कम्प्युटर लेआउट:विजय कु.मण्डल मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

## सम्पादकीय

# भरिएको अस्पतलाहरु खालि हुँदै

पहिलो चरणको कोरोना भाइरस (कोभिड-१९) विश्वव्यापी रुपमा फैलिएकोमा त्यसको मार खोपी रहेका सर्वसाधारणले त्यसवाट छुटकारा नपाउँदै दोस्रो चरणको नयां कोरोना भेरियन्टले मानव जीवनमा कोहराम मचाउन थालेको छ। पहिलो चरणको कोरोना संक्रमण भन्दा दोस्रो चरणको कोरोना संक्रमण छिटो असर देखाउने भएको ले यसपालिको कोरोना संक्रमणले मृत्युवरण गर्नेको संख्या अत्याधिक देखिएको छ। सरकारले गरेको नियमित निषेधाज्ञा र आम जनतामा देखिएको संचेतनाले कोरोना संक्रमण दर घटेर भरिएको अस्पतालको शैयाहरु खाली हुन् थालेको छ। संक्रमण दर घट्दै गएपछि सरकाले लगाएको निषेधाज्ञालाई खुकुलो गर्दै वेलुका ६ बजेसम्म बजार खुल्न थालेको छ। आम नागरिकमा सचेतना आएकाले निश्चित समयमा बजार खुल्ने र बन्द हुने गरेका छन् भने यातायातका साधनहरु पनि जोर विजोर गरी संञ्चालन हुन् थालेको छ। सरकारले गरेको निषेधाज्ञालाई खुकुलो पारेसंगै निश्चित व्यक्तिहरुका उपस्थितिमा कार्यक्रम, भेला, समेत हुन थालेको छ।

पहिलो चरणको कोरोना संक्रमण पनि श्रावन देखि कम हुंदै गएको थियो। सोही अनुसार दोस्रो चरणको नयां भेरियन्टलको कोरोना भाइरस समेत श्रावन देखि केहि घट्ने अनुमानका साथ कोरोना संक्रमणले आतंकित बनेका सर्वसाधारणले बजारमा भीड बढ्दा पुनः संक्रमण फैलिने हो कि भन्ने चिन्तामा डुवेको छ। तर दैनिकी जीवन चलाउनका लागि बाध्यताव आमसाधारण जनताले आ-आफ्नो काममा फर्किनुको विकल्प पनि छैन। देश भरी लगाइएको निषेधाज्ञाका कारण देशका आर्थिक अवस्था कम्जोर हुनुका साथै देशको जनताको आर्थिक अवस्था झनै डमाडोल भएको छ। घर कसरी चलाउने, बैकको व्याज कसरी तिर्ने, बालबच्चाहरुको स्कुलको फि कसरी तिर्ने भन्ने चिन्ता लागि परेको छ। कोरोना संक्रमण भएको वेला भएको आर्थिक क्षतिको भर्पाइ तत्काल हुने सम्भावना समेत नरहेकोले कमसे कम घर खर्च चलाउनका लागि भएपनि कोरोना संक्रमणवाट बच्नका लागि तोकिएको नियम पालना गर्दै सुरक्षाका विधीलाई अपनाउँदै आ-आफ्नो काममा फर्किन जरुरी छ।

कोरोना भाइरसको भेरियन्ट परिवर्तन गरी बेला-बेलामा फैलिने हुँदा यसबाट बच्नको लागि व्यक्तिगत सावधानी हो। जस अन्तर्गत स्वास्थ्य मापदण्ड अपनाउने, सामाजिक दुरी कायम गर्ने, मास्क लगाउने, स्यानीटाइजरको प्रयोग गर्ने र नियमित साबुन पानीले हातलाई पखाली राख्ने, भिडभाडमा नजाने लगायतको सावधानी अपनाउनु पर्छ। पश्चिमा देशहरूमा भएको नयाँ अध्ययनले एकपटक कोरोना जितिसकेका मानिसका लागि खोपको एउटै डोज नै पर्याप्त हुने दाबी पनि गरेको छ त्यसैले खोप लगाउने रणनीतिमा परिवर्तन गर्नु पर्छ एक डोजमा हुने कुरामा दुइ डोजवाल खोप किन लागाउने यस सम्बन्धमा आधिकारीक जानकारी लिएर यसको प्रयोगको लागि समन्यव गर्न जरुरी छ। अब निषेधाज्ञा र लकडाउनलाई नियन्त्रणको विकल्प बनाउने भन्दा सबैलाई खोप दिन सरकार गम्भीर हुन जरुरी छ।

## साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ):तपाईका विरोधीहरु परास्त हुनुका साथै मान सम्मान समेत मिल्ने योग रहेको छ। युवकयुवतीहरुका लागि नयां जीवन साथी मिल्ने छ।**

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो): आर्थिक पक्ष राम्रो रहेकाले व्यपार व्यवसायीवाट राम्रै लाभ मिल्ने तथा पारिवारिक सुख भ्रमणको योग समेत रहेको छ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : आफन्त जनसंग खटपट मनमुटाउ गराउने योग छ। दाम्पत्य तथा प्रेमको विषयमा सामान्य अप्ठ्यारो हुने योग छ।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)**:मनमा अनावश्यक तर्ककुतर्कले डेरा जमाउने योग देखिन्छ। गरेको काम अरुले काट्न सक्ने देखिएकाले विचार पु-याएर काम गर्नु होला।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)**: विद्यार्थी वर्गका लागि पढाईमा गहिर ो लगाव हुनुका साथै बौद्धिक क्रियाकलापमा सहभागी गराउने योग छ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)**: शारिरीक अस्वस्थ्यताका साथै आलस्य बढने योग रहेको छ। नाना तरहका अनावश्क विषयले मानसिक तनाव उत्पन्न गराउने देखिन्छ।

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)**:परिवारिक चिन्ताले सताउने योग रहेको छ। भने उत्तरार्द्धमा सामान्य वादविवादमा पर्न सम्भावना रहेको छ।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू)**: आर्थिक पक्ष सवल रहेको छ। आत्मबल तथा पराक्रम बढेर जानाले प्रशस्त कार्य सम्पादन गर्ने क्षमता वढ्ने छ।

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)**: मेवा मिष्ठान्नका परिकार प्राप्त हुने बेला छ। कृषि तथा कृषिजन्य व्यवसायमा लाभ हुनेछ।

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)**:महिनाको पुर्वाधमा मित्रसहयोग,धनागमन तथा मनोरञ्जनको अवसर मिल्नेछ। भने उत्तरार्धमा मान हानि तथा अपमान आउनसक्ने छ।

**कुम्भ (गु,गे,गो,सा,सी,सु,से,सो,द)**:सामाजिक कार्यमा सहभागी हुनुका साथै भोजभतेरमा तथा रमाईलो यात्राको सुवर्ण अवसर मिल्ने योग रहेको छ।

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)**:शत्रुहरुको शिर निहुरिनेछ। भने वाद विवादमा विजय मिल्ने योग रहेको छ। पेट, आंखा तथा सामान्य शारीरिक अस्वस्थता देखापर्नैछ।

# जात प्रथाबारे केही झुठ्ठा तर्कहरूको खण्डन

शिवराम सुलु

संसारमा सबभन्दा ठूलो अपराध विचारमा विष फैलाउनु हो। एउटा गलत विचारले लाखौं मानिसको जीवन बर्बाद पार्न सक्छ। जातप्रथाको एउटा गलत विचारले लाखौं दलितको जीवन नारकीय बनाएको छ।

तर, पनि विभेदबाट फाइदा लिनेहरू भने विचारमा विष फैलाउन नै तल्लीन छन्। विभेद कायमै राख्न अनेक भ्रम छर्दैछन्। भ्रमका 'आविष्कारक'हरूको झुटो प्रचारले गहिरिएर नबुझ्ने र वैचारिक रूपमा कम सचेत वर्गलाई दिग्भ्रमित पार्न सक्ने भएकाले यहाँ केही प्रस्ट पार्ने प्रयास गरिएको छ।

जातप्रथाको शोषण र वर्गीय शोषणलाई गिजोल्ने चलाखी

जातप्रथाको शोषण र वर्गीय शोषण सम्बन्धित त छ। तर गिजोलेपछि गर्दा भ्रम पैदा हुन्छ। एउटा गरिब बाहुनले वर्गीय शोषण भोगेको हुन्छ, तर जातप्रथाको शोषण भोगेको हुन्न। तर, एक गरिब दलितले वर्गीय शोषण पनि भोगेको हुन्छ र जातप्रथाको शोषणको पनि भोगेको हुन्छ।

जातप्रथाको शोषणको कुरा गर्दा दुर्गम गाउँको गरिब बाहुन पनि शोषित नै छ भन्नु विषयान्तर गर्ने चलाखी मात्र हो। दुर्गम हुनु क्षेत्रीय शोषण हो, गरिब हुनु वर्गीय शोषण हो। ती शोषण त त्यो क्षेत्र र त्यो वर्गको बाहुन मात्र होइन, सबै समुदायले भोगेकै हुन्छ। गरिबै भए पनि बाहुनले जातप्रथाको शोषण कहिल्यै भोगेको हुँदैन र भोग्नु पनि पर्दैन।

अझ त्यो क्षेत्र र वर्गका बाहुन त त्यही क्षेत्र र वर्गको दलितको लागि त गन्यमान्य वा मान्न पर्ने व्यक्ति नै हुन्छ। त्यसैले जातप्रथाको शोषणको कुरामा वर्गीय शोषणको कुरा ल्याएर गिजोलेपछि जातप्रथाको शोषण कायमै राख्ने चलाखी मात्र हो।

नेपालमा वर्ग निर्माणको एउटा मुख्य आधार जातप्रथा हो। बाहुनहरू वर्ग निर्माणको यो आधारबाट पनि पीडित हुन परेन। त्यसैले असलमा वर्गीय शोषणमा पनि दलितहरू नै धेरै पिल्सिएका छन्।

जातप्रथाको समस्या वर्गीय समस्याभन्दा फरक

शर्मा भोजनालय चल्ने, सार्की भोजनालय नचल्ने छ। कतिपय मानिस जातप्रथाको समस्या केही पनि होइन। वर्गीय समस्या समाधानपछि यो स्वतः समाधान हुन्छ भन्ठान्छन्। तर जातप्रथाको समस्या वर्गीय समस्या मात्र होइन। यो अर्कै किसिमको समस्या या शोषण हो। जातप्रथाको शोषण वर्गीयभन्दा गहिरो शोषण हो। हाम्रो समाजमा जति नै सफा, राम्रो भए पनि सार्की भोजनालय चल्दैन, शर्मा भोजनालय चल्छ। यो जातप्रथाको असर हो। त्यसैले वर्गीय समस्या समाधान भए पनि जातप्रथाको समस्या समाधान हुँदैन। यो सांस्कृतिक- सामाजिक समस्या हो र त्यसैअनुसार समाधान गर्नुपर्छ।

कथित ठूलो जात आफैमा सत्ताको स्वरूप

जातप्रथा भएको समाजमा जात आफैमा सत्ताको स्वरूप हो। कथित ठूलो जातको ठूलो नै इज्जत, मान सम्मान हुन्छ, समाजमा स्वीकारोक्ति हुन्छ। जातैको नामले काम बन्ने, सम्मान पाउने, हेर्ने नजर फरक हुने हुन्छ। सत्ता भनेको यही हो। बाहुन आफैमा सत्ता हो। तल्लो भनिएको जातको मान, सम्मान, स्वीकारोक्ति केही हुन्न। उल्टो अपमान, भेदभाव र दुर्व्यवहार हुन्छ। दलित भन्ने वित्तिकै उसलाई हेय दृष्टिले हेर्ने, दोस्रो दर्जाको मानिसलाई झैं व्यवहार गर्ने, समाजमा उसको 'नम्बर' घट्ने धरातलीय यथार्थ हो। कुनै जातको नामैले काम बन्छ, कुनै जातको नामैले काम बन्दैन भने जात आफैमा सत्ता भएको स्पष्ट हुन्छ।

उत्पीडित वर्ण (जात) र उत्पीडित वर्ग

जन्मको आधारमा जात र जातको आधारमा पहुँच छुट्याउने जातप्रथाले गर्दा कथित तल्लो जातले सदियौं वर्ष शिक्षा, सम्पत्ति, स्रोत साधनमाथिको हक अधिकारबाट वञ्चित हुनुपर्‍यो। फलतः उत्पीडित वर्ण उत्पीडित वर्गमा परिणत भयो। सरकारी तथ्याङ्कमा पनि सबैभन्दा गरिबमा दलित पर्नुका कारण पनि यही हो। नेपालमा वर्ग निर्माणको एउटा मुख्य आधार नै जात वा वर्ण हो। सम्पत्ति राख्ने अधिकार नदिएकैले राजाधानीमै पनि सदियौं वर्षदेखि आफू बस्दै आएको घर जग्गाको पनि लालपुर्जा धेरै दलितहरूसँग छैन।

गरिब शब्द हटाउँदैमा गरिबी र दलित शब्द हटाउँदैमा दलन हट्दैन

दलित शब्द हटाएपछि दलन हट्छ भन्ने कुरा सही होइन। समाजमा दलन भएर दलित शब्द आएको हो। दलित शब्द भएर दलन भएको होइन। जसरी गरिब शब्द हटाउँदैमा गरिबी हट्दैन, त्यसरी नै, दलित शब्द हटाउँदैमा दलन हट्दैन।

कमैया मुक्तिको नाममा कमैया नभन्ने, नराख्ने भनेर कमैयाहरूलाई मोहियानी हकबाट बेदखल गरी अधिकारविहीन बनाए जस्तै हजारौं वर्षादेखि उत्पीडनमा परेका दलितहरूलाई कुनै राहत या क्षतिपूर्ति नदिलाउन यो विषय उठान गरिएको हो।

दलित शब्द अहिले अधिकारसँग जोडिएको छ। र त यसको विरोध सुरु भएको हो। शासक वर्ग वा शासकीय मानसिकता भएकाहरूलाई पहिला हेला या 'गाली'को शब्दपछि अधिकारको शब्द भएको मन पर्दैन। जस्तै पहिला पहिला शासकहरू मधेसी शब्दको प्रयोग हेप्नका लागि गर्दथे, पछि यो अधिकार र पहिचानको शब्द बन्न थाल्यो र शासकहरूलाई 'ज्वरो' आयो। दलित शब्द पनि हिजो शोषणको पर्याय हुँदा ठीकै थियो तर आज अधिकार प्राप्तिसँग जोडिएपछि शासक हरूलाई गलत लाग्न थालेको हो।

कोटाको भ्रम र यथार्थ

विगतमा विभेदमा पारिएका समुदायहरू हरेक क्षेत्रमा शोषित पीडित नै हुन्छन्। दलितहरूलाई विगत लामो समयसम्म शिक्षा, सत्ता, शक्ति, स्रोत साधनवाट वञ्चित गरियो। जातका नाममा हजारौं वर्ष शिक्षा, सत्ता, शक्ति, स्रोत, साधनमा एकाधिकार जमाएका कथित ठूलो जातसँग उत्पीडित जातले प्रतिस्पर्धा गर्न सक्दैन। कुपोषित बालकले बलियो युवासँग प्रतिस्पर्धा गर्न नसके जस्तै। त्यसैले विगतमा विभेदमा पारिएकाहरूलाई विशेष अधिकार या कोटा अनिवार्य हुन आउँछ। कोटा पाउनेहरूले पनि निश्चित मापदण्ड भने पार गरेकै हुन्छ।

कुनै पनि क्षेत्रमा आफ्नो प्रतिनिधित्व शून्य भयो भने अपनत्व हराउँछ। विभेदको अनुभव भयो भने विद्रोह पनि हुन सक्छ। त्यसैले यो देश मात्र होइन यो राज्य पनि मेरो हो भन्ने भावना पैदा गर्न, अपनत्व अनुभव गराउन वा भावनात्मक एकताका लागि कोटा दिइन्छ। समाज जस्तो छ राज्यमा पनि त्यस्तै प्रतिनिधित्व गराउन कोटा दिइन्छ। कोटा विश्वकप फुटबलमा पनि छ, सबै महादेशको प्रतिनिधित्व गराउन। कोटा नभएको भए विश्वकप फुटबलमा कुनै एसियाली मुलुक पर्दैनन्।

कोटा अनन्त कालका लागि होइन, हुँदैन। हजारौं वर्ष शोषणमा पारिएकोको सट्टा केही समयको लागि कोटा दिइन्छ। विकासको सूचकाङ्कमा सुधार नभएसम्मका लागि मात्र। १०/क१२ वर्षदेखि दलितले केही कोटा पायो भन्ने कथित उच्च जातकाहरू हजारौं वर्षदेखि आफूले मात्र पढ्न पाउने कोटा पाएको, पुरोहित आफू मात्र हुन पाएको कोटाको बारे कुरा गर्दैनन्।

कोटाका लागि धेरै प्रतिमानहरू हुन्छन्। वर्गको आधारमा मात्रै कोटा दिइयो भने उत्पीडित समुदायले अवसर पाउँदैनन् किनभने उत्पीडक जाति जति नै गरिब भए पनि उसलाई जातप्रथाको भेदभाव कहिले भएन, हुँदैन। वेद पढ्न कहिले रोकेन, उसले अरूको भाषामा कहिले पढ्न परेन। अरूको भाषामा कहिले लिखित मौखिक जाँच दिनु परेन, पर्दैन। अड्डा- अदालतमा अर्काको भाषा प्रयोग गर्न परेन। विजातीय अधिकारी झेल्न कहिल्यै परेन। राज्य सत्ताबाट कहिल्यै प्रताडित नभएकाहरूलाई कोटा दिइन्न। अझ १० प्रतिशत जनसङ्ख्या भएकोले ८० प्रतिशत पद ओगटेको छ भने कोटाको आवश्यकता उसलाई होइन अरूलाई नै हुन्छ।

वर्गको आधारमा कोटा दिन पर्‍यो भन्नेहरू वर्ग छुट्याउने आधार, कसरी सम्पत्तिको सीमा तोक्ने, सम्पत्ति लुकाए के गर्ने, आदि समस्या बारे मौन छन्। अर्को कुरा, हजारौं वर्ष सम्पत्तिमा हक नदिइएका उत्पीडित वर्ण नै सबभन्दा गरिब छन्। उत्पीडित वर्ण उत्पीडित वर्ग हुन् भन्नेबारे पनि प्रस्ट हुन आवश्यक छ।

योग्यता र वर्गीय कोटा आफैमा विरोधाभाषपूर्ण देखिन्छ। अहिले पनि सरकारी विद्यालयबाट एसईई दिएकाहरूलाई 'वर्गीय'कोटा छ। प्राविधिक शिक्षामा तर तिनीहरूको पनि प्राप्ताङ्क थोरै छ।

कोटाकै कुरा गर्दा परीक्षा प्रणाली पनि एउटा कोटा हो। थोरै प्राप्ताङ्क आए पनि पैसाको भरमा पढ्नु पनि कोटा हो। लोकसेवामा विषयगत प्रश्न राख्नु पनि कोटा हो। लोकसेवामा वस्तुगत प्रश्न मात्र दिइएको भए मात्र पनि जनजातिहरूलाई धेरै राम्रो हुन्थ्यो। विषयगत प्रश्नको उत्तरको भाषाबाटै धेरै फरक पार्छ। ज्ञान प्राप्तिदेखि जागिर प्राप्तिसम्मको भाषा आफ्नो मातृभाषा नहुनेलाई गाह्रो हुनु स्वाभाविक हो। वर्षौंसम्म एउटै भाषा,

वांकी ५ पेजमा...

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

### दमकल

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारुणयन्त्र ०२३-५२०१०१

### एम्बुलेन्स सेवा

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८
बिराटनगर उपमनपा ५२२२३६

### अस्पताल

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,
९८०२७५३७०६

### प्रहरी

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी
०२१-४३५८४०

# मोरंगको ग्रामथान गाउँपालिकाद्वारा आर्थिक वर्ष २०७८-०७९ को बजेट सार्वजनिक

| आम्दानीको विवरण | रकम | खर्चको विवरण | रकम |
|---|---|---|---|
| संघिय समानिकरण अनुदान | 126400000 | **आर्थिक विकास** | |
| संघिय शसर्त अनुदान | 218700000 | कृषि | 18980000 |
| राजस्व बाँडफाँड | 70762000 | पशु | 2620000 |
| प्रदेश समानिकरण अनुदान | 7299000 | सहकारी | 500000 |
| मालपोत | 5000000 | रोजगार र लघु उद्धम | 4800000 |
| दहत्तर बहत्तर | 3000000 | **सामाजिक विकास** | |
| सवारी साधन कर | 4097440 | शिक्षा | 158920000 |
| आन्तरिक श्रोत | 5000000 | स्वास्थ्य | 41620000 |
| | | युवा | 7180000 |
| | | समावेशिकरण | 4180000 |
| | | **पुर्वाधार विकास** | 92058440 |
| | | **सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र** | 19000000 |
| | | **कार्यालय संचालन तथा प्रशासनिक** | 90400000 |
| **जम्मा आम्दानी** | **440258440** | **जम्मा आम्दानी** | **440258440** |

| क्षेत्रगत सारंश | रकम |
|---|---|
| आर्थिक विकास | 26900000 |
| सामाजिक विकास | 211900000 |
| पुर्वाधार विकास | 92058440 |
| सुशासन तथा अन्तरसम्बन्धित | 19000000 |
| कार्यालय संचालन तथा प्रशासनिक | 90400000 |
| **जम्मा** | **440258440** |

| खर्च तर्फ | जम्मा | प्रतिशत |
|---|---|---|
| चालु | 336092000 | 76.35 |
| पुँजिगत | 104116440 | 23.65 |
| **जम्मा** | **440208440** | **100.00** |

# रंगेली नगरपालिकाद्धारा आर्थिक वर्ष २०७८-०७९ को बजेट सार्वजनिक

| सिन | आय | रकम | व्यय | रकम |
|---|---|---|---|---|
| 1 | संघीय सरकार वित्तीय समानीकरण | 158200000 | विपद कोष | 9100000 |
| 2 | प्रदेश सरकार वित्तीय समानीकरण | 9351000 | मर्मत सम्भार | 10000000 |
| 3 | संघीय सरकार राजश्व बाँडफाँड | 98861000 | कोल्ड स्टोर शोधभर्ना | 6000000 |
| 4 | प्रदेश सरकार राजश्व बाँडफाँड | 7722000 | भैपरी पुजिगत | 8500000 |
| 5 | आन्तरिक स्रोत | 31515000 | शिक्षा शाखा | 19496000 |
| 6 | संघिय सरकार ससंत अनुदान | 300000000 | स्वास्थ्य शाखा | 17686000 |
| 7 | अल्या | 112196922 | कृषि शाखा | 7000000 |
| 8 | | | पशु शाखा | 7410000 |
| 9 | | | महिला विकास | 4905000 |
| 10 | | | सहकारी | 886000 |
| 11 | | | अस्पताल | 7800000 |
| 12 | | | चालु तर्फ नगरपालीका | 142278000 |
| 13 | | | वडातर्फ चालु | 10800000 |
| 14 | | | पुजिगत तर्फ | 165984922 |
| 15 | | | सर्सत | 300000000 |
| | जम्मा | 717845922 | | 717845922 |


# तुलसी प्याथोलोजी ल्याब एण्ड क्लिनिक

कोशी अस्पताल को अगाडी, विराटनगर

## बिरामीहरूको लागि खुशीको खबर !!

**ल्याब जाचमा ५०% सम्मको छुट**

सम्पर्क नं. ९८४१३४८६४७ ९८१३२५४४७५

1. HBA1C
2. Lipid Profile
3. Liver Function Test (LFT)
4. Renal Function Test (RFT)
5. Thyroid Test (TFT)
6. Stool R/E
7. Urine R/E
8. Vit. D
9. Cardiac Function Test (CFT) etc...

**नि:शुल्क सुगर जाँच**

यो सेवा प्रत्येक शनिवारको लागि मात्र रहनेछ ।

समय: विहान ७:०० बजेदेखि दिउँसो १२:०० बजेसम्म ।


## भन्सार छलीका समानहरू सहित गाडी र चालक प्रहरीको नियन्त्रणमा

मोरङ । मोरङ रतुवामाई नगरपालिका ९ भौडा चौक स्थितमा भारतबाट भन्सार छली ल्याउदै गरेको चिनी, बिस्कुट सहित गाडी र चालकलाई नियन्त्रणमा लिएको छ ।

आज दिउसो २ बजे ईलाका प्रहरी कार्यालय सिजुवाबाट खटिएको प्रहरी टोलीले भारतबाट भन्सार छली ल्याउदै गरेको को२च १०९ नम्बरको पिकअप गाडीमा चिनी १३ सय केजी र ईन्डियन बिस्कुट १८ कार्टुन फेला पारेको थियो ।

उक्त सामानहरु भन्सार छली गरी ल्याएको खुल्न आएकोले पिकअप चालक लेटाङ नगरपालिका २ का २७ बर्षीय बिकास लिम्बु सहितलाई नियन्त्रणमा लिई आवश्यक कारबाहीको लागी भन्सार बुझाउने कार्य भईरहेको छ ।

## लागुऔषध ब्राउनसुगर सहित तीन जना प्रहरीद्वारा पक्राउ

बिराटनगर । मोरङको बेलवारी नगरपालिका वडा नं. १ गाँईघाट टोल स्थितबाट लागूऔषध ब्राउन सुगर सहित ३ जनालाई प्रहरीले पक्राउ गरिएको छ ।

पक्राउ पर्नेमा सोही स्थानका ४६ बर्षीय बुद्धीमान तामाङ र धनकुटा हिलेका दुई जना महिला रहेका छन् ।

लागूऔषध ब्राउन सुगरको कारोबार भईरहेको भन्ने बिशेष सुचनाको आधारमा १ नम्बर प्रदेश प्रहरी कार्यालय विराटनगर र ईलाका प्रहरी कार्यालय बेलबारीबाट खटिएको प्रहरी टोलीले तामाङकै घरबाट तामाङ सहित ३ जनालाई लागूऔषध ब्राउन सुगर सेवन गरिरहेको अबस्थामा पक्राउ गरेको थियो ।

प्रहरीले तामाङको घरमा खानतालासी गर्दा धानको भकारी भित्र लुकाई राखेको लागूऔषध ब्राउन सुगर १३ ग्राम ५४० मिलिग्राम फेला पारेको छ । पक्राउ परेका तिनै जना उपर ईलाका प्रहरी कार्यालय बेलबारीबाट थप अनुसन्धान भईरहेको छ ।






## विराटनगर महानगरपालिको अपिल

१. नोभेल कोरोना (कोभिड-१९) संक्रमण, नियन्त्रण र रोकथामको लागि यस महानगरपालिका क्षेत्र भित्र संचालनमा रहेको सवै पसल, उदोग तथा व्यवसायीहरुले सेवा लिन आउने आगन्तुकहरुका लागि साबुन पानी वा सेनिटाईजर ले हात धुने व्यवस्था मिलाउनु पर्ने ।

२. नोभेल कोरोना (कोभिड-१९) भाइरस विरुद्ध सामाजिक संघ संस्थाहरुले गरेको र गर्ने कामको बारेमा महानगरपालिकालाई जानकारी गराई नदोहोरीन र प्रगति अभिलेख एकद्धार प्रणालीको व्यवस्थपन र्कामा सहयोग गर्ने ।

३. महानगरपालिका अन्तर्गत संचालन हुने साप्ताहिक हाटबजारहरु अर्को सूचना नभएसम्म का लागि स्थगित (वन्द) गर्ने ।

थप जानकारीको लागि ९८४२०२३६७९, ९८५२०३२८१८, ९८४४०९९३७०

## कोरोना (C0VID–19 ) भाइरसका बारेमा जनहितमा जारी सूचना

**१. कसरी सर्छ कोरोना भाईरस ?**

क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

**२. कोरोना भाइरसका लक्षण के-के हुन सक्छन् ?**

क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्रे हुनु ।

**3. यसबाट बच्न के-के गर्ने ?**

क) साबुन पानीले राम्रो संग हात धुने,
ख) खानेकुरा धोइपखाली राम्रोसंग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने
च) चरा, मूसा, विरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने ।

धनपालथान गाउँपालिका मोरंग प्रदेश नं. १

# इन्सेकद्वारा प्रदेश नं. १ मा ३ सय ९४ मानव उलङ्घनका घटनाहरु सार्वजनिक



बिराटनगर। अनौपचारिक क्षेत्र सेवा केन्द्र (इनसेक) प्रदेश नं. १ कार्यालयका अध्यक्ष सोमराज थापाको अध्यक्षतामा मिडिया साझेदारी बैठक सम्पनन गरेको छ।

मानव अधिकार आयोग प्रदेश नं. १, प्रमुख, नपाल पत्रकार महासंघ प्रदेश नं १ अध्यक्ष लिलाबल्लभ घिमिरे, नेपाल पत्रकार महासंघ मोरंग शाखाका अध्यक्ष संजीव खनाल लगायको पत्रकारहरुको उपस्थितिमा प्रदेश नं. १ मा मानव अधिकार उलङ्घन तथा ज्यादतीका घटनाहरुको विवरण सार्वजनिक गरेका थिए।

सार्वजनिक गरिएको विवरणमा २०७७ पुस १७ देखि असार १६ गते सम्ममा प्रदेश नं. १ मा भएको मानव अधिकार उलङ्घनका घटनाहरु र पिडितहरुको तथ्यांक रहेको थियो। जस अनुसार नगरिक अधिकार तर्फ हत्या ११ महिला ५ पुरुष गरी जम्मा १६, धम्की पुरुष २, कुटपीट महिला १४ पुरुष ६ जम्मा २१, घईते ६ पुरुष, गिरफ्दारी २, बालअधिकार तर्फ, बलात्कार १०५, यौन दुर्व्यवहार ४१, नवजात शिशु हत्या १, हत्या १ कुटपिट महिला ३ पुरुष २ जम्मा ५ जना बालविवाह ५, वेचविखन १ रहेको छ।

त्यसैगरी महिला अधिकार तर्फ बलात्कार ६१, बलात्कार प्रयास १३, यौन दुव्यवहार १, घरेलु हिन्सा ६२, कुटपीट ६, हत्या ११, मानव वेचविखन ३ बहुविहा १९, राजनीतिक अधिकार तर्फ ३५ जना विरुद्ध मुद्दा, आर्थिक सामाजिक तथा सास्कृतिक अधिार जातिय भेदभाव १ सहित महिला ३५१ र पुरुष ३१ गतर गरी जम्मा ३९४ रहेका छ।

प्रदेश १ का १४ जिल्लामा इन्सेक अभिलेखको आधारमा ६ महिनाको अवधिमा इन्सेक मोरङले शिक्षक राजेन्द्रकुमार श्रेष्ठका हत्या आरोपित डीवि सिलवाल गिरफ्तारी, शिक्षक श्रेष्ठको हत्या मुद्दामा ३५ जनाविरूद्ध जिल्ला अदालतमा ०७७ फागुन ३ गते मुद्दा दर्ता गरेको विषयमा अभिलेख गरेको बताए।

सो अवधिमा इन्सेकले मोरङमा बाल अधिकार अन्तरगर्त बलात्कार घटनामा ५ जना, वेचबिखन घटनामा १ जना, हत्या घटनामा १ जना, महिला अधिकार अन्तरगत बलात्कार घटनामा १२ जना, वेचबिखन घटनामा २ जना, परिवारजनबाट हत्या घटनामा ५ जना र घरेलु हिंसामा १५ जना, आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकार अन्तरगर्त ६ महिनाको अवधिमा जिल्लामा रोजगारीबाट निकालिएका ८४ जना र भौतिक संरचना क्षतिका दुई ओटा घटना इन्सेकले अभिलेख गरेको छ।

त्यसैगरी इन्सेक अभिलेखका आधारमा दुईजना पत्रकारले ज्यानको सुरक्षा माग गर्दै प्रशासनमा उजुरी परेको उल्लेख गरेको छ। जसअनुसार सुनसरीका २८ वर्षीय पत्रकार दीपेद्र कुमार यादव र २४ वर्षीय पत्रकार विवेक मेहताले समाचार लेखेको विषयमा धम्की आएपछि सुरक्षाको गरेका थिए।

सो अवसरका उपस्थित संचारकर्मीहरुले इन्सेकले परानै ढरा अनुसार चल्दै आएकोमा त्यसलाई परिवर्तन गुर्न पर्ने भन्दै पुस्तक प्रकाशन गरेर मात्र हुँदैन, घटनाहरु सार्वजनिक गरेर मात्र हुँदैन, समय अनुसार परिवर्तन जसरी मानव अधिकारका घटनाहरु वृद्धि भई रहेको छ। सोही अनुसार घटनालाई न्यूनिकरण गर्नमा समेत भूमिका खेल्नु पर्ने सुझाव दिएका थिए।

नेपाल मानव अधिकार वर्ष पुस्तक २०२२ का लागि जिल्लामा अभिलेखकरण गरिएका घटनामाथिको अर्द्धवार्षिक समीक्षाका लागि तयार पारिएको प्रतिवेदन (पूर्णपाठ)

अनौपचारिक क्षेत्र सेवा केन्द्र( इन्सेक) सन् १९८८ देखि मानव अधिकार तथा सामाजिक न्यायका लागि कार्यरत छ। इन्सेकले प्रदेश १ का १४ ओटा जिल्लामा जिल्ला प्रतिनिधिमार्फत मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनाहरू अभिलेखीकरण गर्दै आएको छ। आज हामी सन् २०२१ को ६ महिनाको अवधिमा मोरङ प्रतिनिधिले अभिलेखीकरण गरेका घटनाहरूको अर्द्ध वार्षिक समीक्षाका लागि यो प्रतिवेदन तयार पारिएको छ।

६ महिनाको अवधिमा मोरङमा एक जना शिक्षक, एक जना स्वास्थ्यकर्मी र एक जना प्रहरीको स्वतन्त्रापूर्वक वाँच्न पाउने नागरिक अधिकार हनन भएको विषयलाई इन्सेकले अभिलेख गरेको छ। उर्लावारीका राधिका माविका ४९ वर्षीय प्रधानाध्यापक कुमार पोखरेललाई ०७७ पुस २७ गते विद्यालय परिसरमा उर्लाबारी नगरपालिका-१ का २० वर्षीय निश्चल गुरुङ, सुनसरी, इटहरी उपमहानगरपालिका- १ का २० वर्षीय मोहित राई र उर्लाबारी नगरपालिका-५ का १९ वर्षीय रविन राईले सांघातिक आक्रमण गरे, कोशी अस्पतालका स्वास्थ्यकर्मी ४० वर्षीय अशोक राजवंशीलाई ड्युटीमा खटिएका ४१ वर्षीय प्रहरी उमेश विकले ०७८ जेठ १८ गते कुटपिट गरे, यद्यपि आरोपितले इन्सेक प्रतिनिधिको भेटमा आफूचाँहि स्वास्थ्यकर्मीबाट पीडित भएको बताए, ड्युटीमा खटिएका ३१ वर्षीय प्रहरी राजकुमार माझीमाथि ०७७ माघ २४ गते पेट्रोल तस्करीमा संलग्न भएका स्थानीयले हातपात गरे। मानव अधिकार रक्षकका रूपमा परिभाषित कोशी अस्पताल कोभिड-१९ उपचार केन्द्रमा कार्यरत स्वास्थ्यकर्मीहरूले पारिश्रमिक नपाएको भन्दै सरकारविरूद्ध आन्दोलन गर्नुपर्यो।

प्रदेशको राजधानीमा रहेका सरकार तथा निजी स्वास्थ्य संस्थाले कोभिड भएको भन्दै समयमा भर्ना नलिँदा उदयपुरकी ३५ वर्षीया महिलाले ०७८ वैशाख ६ गते मृत्युवरण गर्नुपर्यो, जसका कारण नागरिकको स्वास्थ्य अधिकार कुण्ठित हुन पुगेको छ। यो अवधिमा कटहरी गाउँपालिका-३ का ५० वर्षीय सञ्जयकुमार करवाले आफूमाथि जेठ ३० गते भएको सांघातिक आक्रमणका दोषीलाई कारबाही गर्न माग गर्दै प्रहरीमा उजुरी दिँदा प्रहरीले नलिएपछि न्यायका लागि पहल गरीदिन असार ६ गते पत्रकार सम्मेलन गर्नुपर्यो, कानेपोखरी गाउँपालिका-३ की १६ वर्षीया बालिका पुतली खड्काको वैशाख २२ गते शव फेला पर्यो। सो घटनाका आरोपित कानेपोखरी गाउँपालिका-३ का ४५ वर्षीय प्रकाश खड्का, ४० वर्षीय प्रकाश खवास र ३५ वर्षीया सञ्जु खवासविरूद्ध पीडित पक्षले इलाका प्रहरी कार्यालय पथरीमा असार १ गते किटानी जाहेरी दिएपनि भिसेरा रिपोर्ट नआएकाले आरोपितलाई प्रहरीले गिरफ्तार गर्न नसकेको प्रहरीले जनायो। पीडित पक्षले भने न्याय नपाउने अवस्था आएको भन्दै शङ्का व्यक्त गरेका छन्। कानेपोखरी गाउँपालिका-५ चिसाङबस्तीकी २५ वर्षीया शोभा दर्जीलाई ३ महिनाको गर्भ रहेको अवस्थामा जेठ ३१ गते सीमकार्ड चोरीको आरोपमा कुटपिट भयो। पीडित पक्षले घटनाका आरोपितविरूद्ध असार ४ गते इलाका प्रहरी कार्यालय पथरीमा किटानी उजुरी दिएपनि घटना पुष्टि नभएकाले कानेपोखरी गाउँपालिका-५ की ३६ वर्षीया विन्दा मगर र ३४ वर्षीया पुष्पा मगरविरूद्ध कारबाही अघि बढाउन नसकेको प्रहरीले जनायो।कोरोना भाइरस संक्रमणका कारण जोखिममा परेका नागरिकलाई खाद्यान्नको व्यवस्था गर्न उच्च अदालत विराटनगरले असार ९ गते सरकारका नाममा आदेश जारी गर्नु पर्यो। कोरोनाका कारण जीवन नै जोखिममा परेका नागरिकको पहिचान गरेर आवश्यक खाद्यान्नको तत्काल व्यवस्था गर्न प्रदेश १ सरकार र संघीय सरकारका नाममा आदेश जारी भयो।

उच्च अदालत विराटनगरले कानुन व्यवसायीहरू पनि 'फ्रन्टलाइनर' भएको व्याख्या गरी उनीहरुका लागि कोभिड-१९ विरूद्धको खोपको पुरा डोज लगाउने व्यवस्था गर्न प्रदेश र स्थानीय सरकारका नाममा असार १६ गते अन्तरिम आदेश जारी गर्नु पर्यो। मोरङ जिल्ला बार एसोसिएसनको तर्फबाट अधिवक्ता विकास थापाले असार १४ गते दायर गर्नु भएको रिटमाथि सुनुवाई गर्दै उच्च अदालत विराटनगरले प्रदेश १ को मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, सामाजिक विकास मन्त्रालय, विराटनगर महानगर पालिका, जिल्ला स्वास्थ्य कार्यालय, जिल्ला कोभिड नियन्त्रण व्यवस्थापन समिति र जिल्ला प्रशासन कार्यालय मोरङका नाममा परामादेश जारी गर्न परेको अवस्था मोरङमा रह्यो।

सन् २०२१ को ६ महिनाको अवधिमा इन्सेक मोरङले शिक्षक राजेन्द्रकुमार श्रेष्ठका हत्या आरोपित डीवि सिलवाल गिरफ्तारी, शिक्षक श्रेष्ठको हत्या मुद्दामा ३५ जनाविरूद्ध जिल्ला अदालतमा ०७७ फागुन ३ गते मुद्दा दर्ता गरेको विषयमा अभिलेख गर्यो। यस अवधिमा इन्सेकले मोरङमा बाल अधिकार अन्तरगर्त बलात्कार घटनामा पाँच जना, वेचबिखन घटनामा एक जना हत्या घटनामा एक जना बालिका पीडित भएको अभिलेख गर्यो। महिला अधिकार अन्तरगत बलात्कार घटनामा १२ जना, वेचबिखन घटनामा दुई जना, परिवारजनबाट हत्या घटनामा पाँच जना र घरेलु हिंसामा १५ जना महिला पीडित भएको इन्सेकले

वांकी अन्तिम पेजमा...

## गैर व्यवसायीक काम गरे क्षाम्य नहुने : नायब महानीरीक्षक वि.सी.

बिराटनगर। १ नम्बर प्रदेश प्रहरी प्रमुख प्रहरी नायव महानिरीक्षक अरुण कुमार बि.सी.ले प्रहरी कर्मचारीले कुनै पनि गैह्र व्यावसायिक कार्य गरेमा क्षम्य नहुने बताउनु भएको छ।

नेपाल सरकार, गृह मन्त्रालय माननीय मन्त्रीस्तरको २०७८ साल आषाढ ७ गतेको निर्णयले १ नम्बर प्रदेश सरुवा भई पदभार ग्रहण गर्नु भए संगै १ नम्बर प्रदेश मातहत रहेका १४ वटै जिल्लाका प्रहरी प्रमुखहरुलाई भिडियो कन्फ्रेन्स मार्फत निर्देशन दिनुहुँदै वाँहाले उक्त कुरा बताउनु भएको हो।

प्रहरी महानिरीक्षकद्वारा जारी गरिएको प्रहरी कर्मचारीहरुको आचार संहिता सम्बन्धी कार्यादेश २०७७ को अक्षरस पालना गर्ने र राम्रो काम गर्ने प्रहरी कर्मचारीलाई तत्काल पुरस्कृत गर्ने तथा खराव आचरण प्रस्तुत गर्नेलाई तत्काल कारवाहि गर्न समेत निर्देशन दिनु भयो।

वाहाँले कुनै पनि नागरिकलाई बिना झंझट प्रहरी सेवा प्राप्त गर्ने वातावारण बनाउने, नागरिक सहायता कक्षलाई अझ प्रभावकारी बनाउन, कन्ट्रोलमा खटिने प्रहरी कर्मचारीहरुले नागरिकहरु संग शिष्ट व्यवहार गर्ने र माथिल्लो कार्यालय र सम्बन्धीत



कार्यालयको सम्पर्क नम्बर तथा प्रमुखको नम्बर स्पष्ट देखिने स्थानमा राख्न, बर्षातको समय भएकोले बाढी, पहिरो डुवान लगायतका घटना हुने भएकोले उद्धार टोली र उद्धार सामाग्रीहरु सहित तयारी अवस्थामा रहन, प्राकृतिक श्रोतसाधनको अवैध दोहन हुन नदिने तर्फ बिशेष चनाखो हुन तथा ऋइखक्ष्-ज्ञढ को रोकथाम तथा नियन्त्रण तर्फ बिशेष ध्यान दिई प्रहरी परिचालन गर्न समेत निर्देशन दिन भएको छ।

वाहाँले प्रमाणमूखी अपराध अनुसन्धानलाई जोड दिन, फरार अपराधीहरुको खोजतलास र पक्राउ गर्न, पुराना पेण्डिङ अपराधका मुद्दाहरुलाई प्राथमिकतामा राखी फर्छौटको लागि जोड दिन, हिरासत व्यवस्थापनमा बिशेष ध्यान दिन र लागु औषध ओसार पसार रोकथाम तथा नियन्त्रण गर्न तथा सिमावर्ती क्षेत्रबाट हुने अबैध चोरी निकाशी नियन्त्रणका लागी दत्तचित्त भएर लागी पर्न समेत निर्देशन दिनु भएको छ।

**कर तिरौं, राजश्व बढाऔं**

कर तिर्नु कानूनी अधिकार मात्र नभएर सम्मान पाउने अवसर पनि हो। त्यसैले कर तिरौं देशको राजश्व बढाऔं।
स्थायी लेखा नम्बर लिनुहोस ढुक्क भएर व्यवसाय सञ्चालन गर्नुहोस्।
लेखा राखौं हिसाबमा भर, हचुवामै नतिरौं कर
कर्तव्य ठानेर कर तिरौं नव नेपाल निर्माणमा सहभागी बनौं।
सामान किनौं गतिलो छानेर बिल मागौं अधिकार ठानेर।

**अन्तरिक राजश्व कार्यालय विराटनगर**



# जात...

संस्कृति, जातिका लागि करोडौँ बजेट राज्यले लगानी गर्नु पनि कोटा हो ।

बाहुन र बाहुनवादबीच फरक

बाहुन भनेको जात हो । बाहुनवाद भनेको विचार हो । बाहुनवाद भनेको वर्णवाद हो । वर्णवाद वा जातप्रथाको विचार बाहुनहरूले निर्माण गरेकाले वर्णवादी विचाराधारालाई बाहुनवाद वा ब्राह्मणवाद भनिएको हो ।

लगभग ३५०० वर्ष पहिले हिन्दू धर्मशास्त्रमा एउटा विराट पुरुषको मुखबाट ब्राह्मण, छातीबाट क्षत्री, घुँडाबाट वैश्य र खुट्टावाट शूद्रको जन्म भयो र बाहुन सबभन्दा माथिल्लो र शूद्रहरू सबभन्दा तल्लो जात हो भनेर लेखियो । यी कुरा भगवानको वचनझैँ प्रचार गरियो । जात प्रथाको स्रस्टा, हर्ताकर्ता बाहुनहरू भएकाले अहिले समाजमा जसले विभेद गरे पनि बाहुनवादको विरोध गर्ने गरिएको हो ।

बाहुनवाद भनेको सबैलाई सम्मान अधिकार दिनु हुन्न, अरूलाई कमजोर पार्नुपर्छ, कमजोरलाई थिच्नुपर्छ, शक्तिको भक्ति गर्नुपर्छ, आफ्नो विकास गर्न अरूलाई विभेद गर्नैपर्छ भन्ने विचार हो । विचार र व्यवहारअनुसार जोकोही जो विभेदवादी छ ऊ बाहुनवादी हुन्छ, बाहुन भए पनि नभए पनि ।

जातप्रथा टिक्नुको मुख्य कारण-हेपाहा प्रवृत्ति

जातप्रथा टिक्नुको मुख्य कारण सत्ताको दुरुपयोग, हेपाहा प्रवृत्तिर दास मानसिकता हो । कमजोरलाई हेप्नु हेपाहा प्रवृत्ति हो भने र बलियोको चरण स्पर्शमा घोप्टिनु दास मानसिकता हो । बाहुनवाद र सामन्तवादले सबै समुदायमा हेपाहा प्रवृत्ति र दास मानसिकता छिरायो । दलित दलितबीच पनि भेदभाव हुनुको कारण पनि हेपाहा प्रवृत्ति र दास मानसिकता नै हो । आफूलाई कसले र किन शोषण गरेको छ भन्दा पनि आफूले कसलाई शोषण गर्ने भन्ने सोच नै हेपाहा प्रवृत्ति र दास मानसिकताको उपज हो ।

हेपाहा प्रवृत्तिको शिकार दलितहरू आफैमा हेपाहा प्रवृत्ति-बाहुनवादकै उपज

आफूलाई गरिएको शोषणको प्रतिरोध गर्नुभन्दा पनि आफूले चाहिँ कसलाई शोषण गर्ने होला भन्नेतिर लाग्नु नै शोषकीय सोच हो । यो सोच दलितमा पनि छ । यो सोचका कारण पनि हेपाहा प्रवृत्तिर दास मानसिकता हो । अनि हेपाहा प्रवृत्ति र दास मानसिकता को कारक चाहिँ बाहुनवाद हो । हेपाहा प्रवृत्ति र दास मानसिकताले गर्दा हो जातप्रथा नमान्ने जनजातिले पनि भेदभाव गर्न सिकेको । त्यसैले सबै समुदायमा भेदभाव फैलिनुको कारण बाहुनवाद हो । विभेद या जातप्रथाको 'स्कुलिङ' बाहुनवाद हो । बाहुनवादको आधार सामन्तवाद हो ।

सामन्तवाद र बाहुनवाद

राजनीतिक भाष्यमा शोषणको आधार जमिन भयो भने त्यसलाई सामन्तवाद भनिन्छ । कसैसँग हजारौँ बिघा जमिन हुने र कसैसँग एक टुक्रा जमिन पनि नहुने अनि जमिन हुनेले नहुनेलाई शोषण गर्ने या जमिनदार- किसानको आर्थिक सम्बन्धको व्यवस्थालाई सामन्ती व्यवस्था वा सामन्तवाद भनिन्छ । राजा भनेको सामन्तको नेता हो । त्यसैले राजतन्त्रको अन्त्यलाई सामन्तवादको अन्त्य पनि भनिन्छ ।

तर, नेपालमा राजतन्त्र गए पनि सामन्ती अर्थ व्यवस्था बाँकी नै छ । सामन्ती सत्ता टिकाउन सामन्ती सोच, संस्कार, मानसिकतासहितको प्रथा चलाइन्छ । बाहुनवाद यसको ज्वलन्त उदाहरण हो । बाहुनवादले सामन्तवाद टिकाउन सेवा गर्छ, समान्तवादले बाहुनवादको रक्षा गर्छ । नेपालमा राजतन्त्र गए पनि बाहुनवाद बाँकी नै छ ।

राजतन्त्र वा सामन्तवाद सकिए पनि सामन्ती चेतना नसकिनुको कारण

सामन्ती सत्ताले आफ्नो व्यवस्था टिकाइराख्न विभिन्न विचार, मनोविज्ञान, संस्कार, संस्कृति, मूल्य, मान्यता, पात्र, प्रवृत्ति, विश्वास-अन्ध विश्वास, मानक, प्रतिमान आदि स्थापित गरेको हुन्छ । सामन्ती व्यवस्था हटे पनि यी सामन्ती सोच, चेतना, मानक र संस्कार हट्दैन ।

वर्षौंको अभ्यास, समाजको सिकाइ र सामन्ती विचारको कलापूर्ण र मिहिन प्रस्तुतिले चाल नै नपाई यो मानिसको मन-मस्तिष्कमा गहिरो गरी गढेको हुन्छ । वर्षौंको अभ्यास पछि गलतै भए पनि पुरानो सबै राम्रो भन्ने भ्रम हुन्छ । केही व्यक्तिमा नयाँ चेतना आए पनि पूरै समाजमा नयाँ चेतना ल्याउन गाह्रो छ । पुरानो व्यवस्थावाट फाइदा लिइराखेका हरूले विभेद पूर्ण नै भए पनि त्यसलाई अनेक रङ्ग दिएर टिकाउन खोज्छ ।

टोकनाइजेसन मुठीभरका व्यक्तिलाई अवसर, समुदायलाई शोषण

कोही दलित सम्पन्न हुनु या राजाले कोही दलितलाई मन्त्री वा पूजारी बनाउनु टोकनाइजेसन हो । केही व्यक्तिलाई अवसर दिएर पूरै जातीलाई शोषण गर्नु टोकनाइजेसन हो । राजाले नेवारहरूको भाषा, भूमि, संस्कृति अतिक्रमण गरेर एक जना नेवारलाई नै राजपरिषद्को मुख्य सचिव बनाए जस्तै एक व्यक्तिले अवसर पाउनु र पूरै समुदायले अधिकार पाउनु धेरै फरक कुरा हो । टोकनाइजेसनको भ्रममा पर्नु हुँदैन । कोही नेपालीको नाम फोब्स पत्रिकामा अर्बपतिको सूचीमा आयो भन्दैमा सबै नेपाली अर्बपति हुँदैनन् ।

व्यक्तिगत जीवनरेखा र समाजको जीवनरेखा फरक

मानिसको व्यक्तिगत जीवन रेखा भएजस्तै समाजको पनि आफ्नै जीवन रेखा हुन्छ । व्यक्तिगत रूपमा कोही सम्पन्न वा सफल भई भेदभावमा केही कमी भएजस्तो हुनु र पूरै समाजमा भेदभाव अन्त्य हुनु फरक कुरा हो । केही व्यक्तिमा चेतना आउनु र पूरै समाजमा चेतना आउनु फरक कुरा हो ।

क्रम विकास होइन, क्रान्ति चाहिन्छ, विस्तारै हुन्छ भन्नेले नेतालाई गाली नगरे हुन्छ

दलितहरूले ३५०० वर्ष झेलेको विभेद हामी ३५ मिनेट पनि झेल्न सक्दैनौँ तर पनि हामी कति सजिलै भन्दिन्छौँ विस्तारै हट्छ भनेर । विस्तारै परिवर्तन त सबै हुन्छ । पहिला एउटा श्यामश्वेत टीभी पनि थिएन, अहिले घरघरमा रङ्गीन टीभी छ । हिजो रेडियो थिएन, आज हात हातमा मोबाइल छ । क्रमिक विकास छ त । विस्तारै परिवर्तन हुन्छ, क्रमिक विकास ठीक छ भन्नेले मुक्तिको सपना नदेखे पनि हुन्छ । नेतालाई गाली नगरे पनि हुन्छ । विभेद ठीक छ भने बेथितिको विरोध नगरे हुन्छ । त्यसैले क्रम विकास होइन क्रान्ति चाहिएको हो । अझ मानवताविरोधी विभेद छिटोभन्दा छिटो अन्त्य गर्नपर्ने भएको हो । पुराना या यो वा त्यो नाममा निहुँ पारेर भेदभाव कायम गर्नु अक्षम्य अपराध हो ।

उत्पीडनले उत्पीडित समुदाय लाई मात्र पछाडि पारेन, सिङ्गो समाज र देशलाई नै पछाडि पार्‍यो । व्यापक जनतालाई विकासको मूलधारबाट विमुख पारेपछि देश विकास हुने सम्भावना नै रहेन, हुन्न । देश विकास र मानवताको विजयका लागि विभेदपूर्ण जातप्रथाको यथाशीघ्र अन्त्य गर्न आवश्यक छ । अब पनि यो वा त्यो नाममा ढिलो गर्नु भनेको समाजले मानवताविरोधी कलङ्कको टीका लगाउनु हो, विकास धेरै पछाडि धकेलिनु हो । समाज परिवर्तनको गति बढाउन सबैले आआफ्नो ठाउँबाट उत्प्रेरकको भूमिका निभाउन आवश्यक देखिएको छ । रातोपाटीबाट

# खुकुरी प्रहारगरी साथीको हत्या

संखुवासभा । संखुवासभा खादबारी नगरपालिका वडा नं. १ तिलार नयाँबस्ती का २४ बर्षीय मुकेस तामाङले चिचिला गाऊपालिका वडा नं. २ घर भई हाल सोही स्थान दिदीको घरमा बस्दै आएका २६ बर्षीय पेमा शेर्पालाई खुकुरी प्रहार गरेर हत्या गरेका छन् ।

मृतकको घरदेखी अन्दाजी ५०० मिटर दक्षिण खोल्सीमा उनको शब फेला परेको जानकारी प्राप्त हुन साथ जिल्ला प्रहरी कार्यालय संखुवासभा बाट प्रहरी टोली खटि गई मुकेस तामाङलाई नियन्त्रणमा लिईएको थियो ।

पुरानो रिसिईबीको कारण २४ गते राती २ बजे आफ्नो घरमा आएका पेमा शेर्पालाई खुकुरी प्रहार गरी गम्भिर घाईते बनाई छाडेको भन्ने पक्राउ परेका मुकेसको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ । घटना सम्बन्धमा थप अनुसन्धान भईरहेको छ ।

# हतियार प्रहार गरी दाजुको हत्या

बिराटनगर । मोरङको बिराट नगर महानगरपालिका वडा नं. ५ पृथ्वी चोकका ३१ बर्षीय साजन सिंहले ४२ बर्षिय दाजु भोला सिंहको धारिलो हतियार प्रहार गरी हत्या गरेका छन् ।

समयमा मादक पदार्थ सेवन गरि एक्कासी दाजुलाई धारिलो हतियारले प्रहार गर्दा घाईते भएका भोलाको उपचारको क्रममा विराट अस्पताल बिराटनगरमा मृत्यु भएको छ ।

घटनामा संग्लग्न रहेका साजनलाई नियन्त्रणमा लिई थप अनुसन्धान कार्य भईरहेको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ ।


## कोरोना (C0VID–19) भाइरसका बारेमा जनहितमा जारी सूचना

*१. कसरी सर्छ कोरोना भाईरस ?*

क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

*२. कोरोना भाइरसका लक्षण के-के हुन सक्छन्*

क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्रे हुनु ।

*3. यसबाट बच्न के-के गर्ने ?*

क) साबुन पानीले राम्रो संग हात धुने,
ख) खानेकुरा धोइपखाली राम्रोसंग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने
च) चरा, मूसा, विरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने ।

कटहरी गाउँपालिका मोरंग प्रदेश नं. १



